मिति २०८१ बैशाख ३१ गते सोमबार विहान ११:०० बजे बसेको राक्सिराङ्ग गाउँ कार्यपालिकाको आ.ब.२०८०/०८१ को बाह्रौं बैठकबाट भएको निर्णयहरुको संक्षिप्त व्यहोरा निम्नानुसार छन् :

निर्णय नं. १:

गत बैठकहरुबाट भए गरेका निर्णयहरुको समीक्षा गरी कार्यान्वयन हुन बाँकी निर्णयहरुलाई यथाशीघ्र कार्यान्वयन गर्ने।

निर्णय नं. २:

मासिक आय व्यय प्रगति विवरण प्रतिवेदन माथि छलफल तथा समीक्षा गरियो। संक्षिप्त प्रतिवेदन अनुसार हालसम्म गाउँपालिकाको कुल अनुमानित आयको ७९ दशमलव ६ प्रतिशत आम्दानी भैसकेको र कुल अनुमानित व्ययको करिव ५७ दशमलब ८ प्रतिशत खर्च भैसकेको देखियो ।

निर्णय नं. ३:

यस गाउँपालिकाबाट चालु आ.ब. २०८०/०८१ मा सम्पन्न भएको देहायका योजना तथा कार्यक्रमहरुको फरफारक सम्बन्धमा गाउँपालिकाको फरफारक समितिको विभिन्न बैठकहरुको निर्णय अनुसार कुल ११ ओटा योजनाहरु सम्पन्न भई फरफारक गरिएको निर्णय अनुमोदन गर्ने ।

निर्णय नं. ४:

क) गाउँपालिकाबाट चालु आ.ब. २०८०/०८१ मा ठेक्कामार्फत सञ्चालित विभिन्न योजनाहरु विविध कारणले पूर्वनिर्धारित समयावधिभित्र सम्पन्न हुन नसक्ने देखिएकोले निर्माण व्यवसायिबाट पेश भएको कार्यतालिका बमोजिम कार्य सम्पन्न गर्ने गरी निम्नानुसार म्याद थप गर्ने :

| सि.नं. | ठेक्काको नाम | निर्माण व्यवसायी | ठेगाना | म्याद थप अवधी |
|---|---|---|---|---|
| १ | Procurement of Construction of Administrative Building | M/S Jayamata Engineering Construction Pvt. Ltd. | Koteshwor, Kathmandu | २०८२ असार १५ |
| २ | Procurement of Construction Of Chepang Museum | M/S Baniya -Sundar Nepal J.V | Hetauda-02, Makawanpur | २०८१ असोज ३० |
| ३ | Procurement of Construction of 10 Bed Hospital | M/S Lama Baniya J V | Hetauda, Makawanpur | २०८२ असार १५ |
| ४ | Dungu Athare Dantar Sadak | M/S Kastamandap Aajiwan J.V | Balkhu, Kathmandu | २०८१ असार १५ |
| ५ | Upgrading of Devitar Pangthali sadak | M/S Shikhar Engineering Construction Company Pvt. Ltd. | Daman, Makawanpur | २०८१ असार १५ |
| ६ | Chainpur devitar pangthali Road Construction Works | M/S Pudasaini Nirman Sewa | Basamadi, Hetauda | २०८१ असार १५ |
| ७ | Chainpur Bagmara Maintar Sunarisaura Sanobhabar Newarpani Road Construction Works | M/S B.M.A./Vision J.V. | Hetauda-11, Makawanpur | २०८१ असार १५ |

ख) गाउँपालिकामा निर्माणाधिन चेपाङ्ग संग्रहालय भवन र प्रशासकीय भवनको हाल सञ्चालित ठेक्का अन्तर्गत लागत अनुमान तथा BOQ मा छुट भएको तर निर्माण गर्न आवश्यक संरचना तथा आईटमहरुको नयाँ टेण्डर मार्फत खरिद प्रकृया अगाडि बढाउन कार्यपालिका कार्यालयलाई निर्देशन दिने ।

निर्णय नं. ५:

क. गाउँपालिकाको चालु आ.ब. २०८०/०८१ को लागि स्वीकृत कार्यक्रम तथा बजेट अनुसार निम्नानुसार योजना तथा कार्यक्रमहरुबाट निम्नानुसार बजेट रकमान्तर गरी रकम विनियोजन गर्ने ।

| सि.नं. | साविकको योजना/कार्यक्रम | रकमान्तर हुने रकम | रकमान्तर हुने योजना/कार्यक्रम | बजेट |
|---|---|---|---|---|
| १ | सडक सरसफाई गाउँपालिका | १३००००० | दुङ्ङ अठारे डन्टार सडक | ४०००००० |
| २ | जेसिबी तथा एक्साभेटर ईन्धन | १५००००० | | |
| ३ | भिमलटार किन्द्राङ्ग सडक निर्माण, वडा नं. ४ | ७००००० | | |
| ४ | चर्च गुम्बा मन्दिर संरक्षण कार्यक्रम | ५००००० | | |
| ५ | नगर प्रहरी तलब | १०००००० | नगर प्रहरी आवास निर्माण तथा कम्पाउण्ड वाल निर्माण | १०००००० |

ख. श्री सामाजिक विकास मन्त्रालय, बागमती प्रदेशसँग लागत सहभागीतामा सञ्चालन हुन सम्झौता भएका कार्यक्रमहरु विपन्न दलित सशक्तिकरण कार्यक्रम शीर्षकमा गाउँपालिकाको आन्तरिक स्रोत तर्फको मागमा आधारित दलित लक्षित कार्यक्रम बाट रु. १३१२५० रकमान्तर गर्ने र चेपाङ्ग समुदायको उत्थानको लागि चिउरी चमेरो संरक्षण कार्यक्रम शीर्षकमा गाउँपालिकाको आन्तरिक स्रोततर्फको सालक संरक्षण तथा प्रचार प्रसार कार्यक्रम बाट रु. १९३७५० रकमान्तर गर्ने ।

ग. चालु आ.ब. २०८०/०८१ को लागि संघीय सशर्त अनुदान तर्फ पञ्चकर्म तथा पूर्वकर्म आयुर्वेद सेवा कार्यक्रमको लागि गाउँपालिकाको आन्तरिक स्रोत तर्फको वातावरण संरक्षण तथा जलवायु अनुकुलन कार्यक्रम शीर्षकबाट रु. १५०००० थप बजेट रकमान्तर गर्ने ।

घ. राक्सिराङ्ग गाउँपालिका वडा नं ५ प्याङ्गचे मा नाला छोप्ने स्ल्याब गरी सडक मर्मत कार्यको लागि गाउँपालिकाको मर्मत सम्भार कोषबाट रु २,००,००० तथा गिंगु राक्सिराङ्ग ठाडो बाटो स्ल्याब निर्माण राक्सिराङ्ग ४ को लागि रु २,००,००० विनियोजन गर्ने ।

निर्णय नं. ६:

गाउँपालिकामा विगत लामो समयदेखि जनस्वास्थ्य प्रबर्द्धनमा महत्वपूर्ण सहयोग पुर्याईरहेका महिला स्वास्थ्य स्वयमसेविकाहरुलाई प्रोत्साहन प्रदान गर्न महिला स्वास्थ्य स्वयंसेविका (सेवा तथा सुविधा) सम्बन्धी कार्यविधि, २०८० स्वीकृत गरी लागु गर्ने ।

निर्णय नं. ७: विविध

क. राक्सिराङ्ग गाउँपालिकाको लागि चालु आ.ब. २०८०/०८१ को लागि संघीय सरकारको विशेष अनुदानतर्फ माग भएको चेपाङ्ग स्वास्थ्य सुधार कार्यक्रम सम्बन्धी प्रस्तावना स्वीकृति सम्बन्धी कार्यालयको निर्णय अनुमोदन गर्ने ।

ख. राक्सिराङ्ग गाउँपालिकाको आर्थिक वर्ष २०८०।०८१ को वार्षिक कार्यक्रम बमोजिम वडा नं ३ को योजना गलमटे कालीथान व्यवस्थापन तथा काठेपुल निर्माण रहेकोमा प्राविधिक हिसाबले काठे पुल भन्दा फलामे पुल दीगो र बलियो हुने भएकोले सोही बमोजिम निर्माण गरिएको हुँदा योजनाको नाम गलमटे कालीथान व्यवस्थापन तथा फलामे पुल निर्माण राक्सिराङ्ग ३ कायम गरी भुक्तानी प्रकृया अगाडी बढाउन कार्यपालिकाको कार्यालयलाई निर्देशन दिने ।

ग. यस आर्थिक वर्षमा गाउँपालिकाको स्वीकृत कार्यक्रम बमोजिम उपभोक्ता समितिमार्फत सञ्चालन भईरहेका र विविध कारणले सम्पन्न हुन नसकेका सबै योजनाहरुको म्यांद २०८० जेठ मसान्त सम्म थप गर्ने ।

घ. राक्सिराङ्ग गाउँसभाको पन्ध्रौं (हिउँदे) अधिवेशनको नेशनल गोल्ड टेलिभिजनबाट प्रत्यक्ष ब्रोडकास्टीङ्ग गरेको सर्वोत्कृष्ट मिडिया प्रा.लि., हेटौंडा-४ लाई गाउँ सभा सञ्चालन खर्च शीर्षकबाट रु. ८०००० भुक्तानी दिने।

ङ. ट्राफिक प्रहरी कार्यालय मनहरीबाट अनुरोध भई आए अनुसार निर्माणाधिन कार्यालय भवनको लागि गाउँपालिकाबाट रु. ५०००० सहयोग उपलब्ध गराउने ।

च. कृषि विकास निर्देशनालय, मकवानपुर हेटौंडाबाट माग गरिएको समुदायमा आधारित एक वडा एक कृषि उत्पादन कार्यक्रमको प्रस्तावना तोकिएको ढाँचामा पठाउने सम्बन्धमा यस अघि मिति २०८०/१२/०६ मा भएको कार्यालयको निर्णय अनुमोदन गर्ने ।

**द्रष्टव्य : निर्णयसँग सम्बन्धित अन्य थप विवरणहरु आवश्यक भएमा गाउँ कार्यपालिकाको कार्यालयबाट प्राप्त हुनेछ ।**